नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयबाट प्राप्त विवरण अनुसार साउन २ र ३ गतेका दिन देशभरका विभिन्न सीमा नाकाहरूबाट ७,९३९ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन्। यसैगरी असार २ गतेका दिन १६१ जना विदेशी नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य विभिन्न सीमा नाकाबाट नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता, नियम पालना र अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन नियमित अनुगमन भइरहेको छ। कोभिड संक्रमितको उपचारार्थ ४५६ भन्दा बढी डेडिकेटेड अस्पतालहरूमा ५,५०० बढी एच. डि. यु, २,१५० बढी आइ. सी. यु र १,००० बढी भेन्टिलेटरको प्रबन्ध गरिएको छ। हालसम्म निषेधको आदेश उल्लंघन गर्ने २,०२,४८१ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने ४,६९,५४२ जनालाई कारवाही गरिएको छ। विगत २४ घण्टामा २२ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने २२४ जनालाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि १६,७६,७८८ थान विभिन्न मेडिकल उपकरण, ११,४१९ एम. टि. क्यू. अक्सिजन, १० के. जी. डाइगनोस्टिक टेष्ट लगायत औषधीजन्य वस्तु पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्थामा रहेको छ। उपत्यकामा ५,००६ सिलिण्डर र उपत्यका बाहिर ७,०३५ गरी कूल १२,०४१ अक्सिजन सिलिण्डरको उत्पादन भइरहेको छ। संयुक्त बजार अनुगमन टोलीद्वारा नियमित बजार अनुगमनको क्रममा एकवटा फर्मको अनुगमन गरिएको छ।

२०७८ साउन ४

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np